संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क
साप्ताहिकको सह-प्रकाशन

खबर

तुरुन्त आवश्यकता।

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजारको मेनचोक बिशालबजार भित्र रहेको महिमा मम सेन्टरलाई तु कर्मचारी चाहियो ।

कुक हेल्पर - १ जना
वेटर - २ जना
मिट कटर - १ जना
सहयोगी - १ जना
सम्पर्क - महिमा ममसेन्टर।
९८६५४७६८८०, ९८०३३०३८०२

महिमा म:म: सेन्टर
बिसाल बजार

■ बर्ष-१५, ▶▶ अंक ३८४ साउन २८ बिहीबार,२०७८, August– 12 Thersday 2021, यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. १०/- www.majhkharka.com

उज्यालो फर्काउन पुनः प्राधिकरण फर्कि आए

❖मुलुकी संवाददाता

१८ घण्टा लोडसेडिङ भईरहेको देशलाई २४ सै घण्टा उज्यालो बनाउन सफल नेपाल विद्युत प्राधिकरणका तत्कालीन कार्यकारी निर्देशक कुलमान घिसिङ बुधबार पुनर्नियुक्तिपछि कार्यभार सम्हाल्दै। ०७७ भनौमा ४ वर्षे कार्यकाल पुरा गरेका उनलाई पुनरनियुक्ति गर्न देशव्यापी माग भए पनि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले नियुक्त नदिइ घर पठाएकोर्मा गठबन्धन सरकारले भर्खर पुनर्नियुक्ति दिएको हो ।

बिप्लब नेकपा संगठन बिस्तारमा

❖महेश्वर चाम्लिङ राई

बेलटार, साउन २७

आफ्नै नेतृत्वको दुईतिहाई नजिक 'कम्फर्टेबल सरकार' हुँदा नेकपा अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले आतंककारी घोषणा गर्दै प्रतिबन्ध लगाएर घेराबन्दीमा परेको नेत्रविक्रम चन्द (बिप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ओली सरकारकै पालामा केही समयअघि प्रतिबन्ध पुकुवा भयो ।

सरकार सञ्चालनको सहज वातावरणमा प्रतिबन्ध्ध लगाउने उनै ओली आफ्नो सरकार धरापमा परेपछि प्रतिबन्ध फुकुवा गरेसँगै नेकपाले अहिले गाउँगाउँमा संगठन बिस्तार गर्ने क्रम गरिरहेको छ ।

पार्टीले गत असार अन्तिम साता मात्र जिल्लाको उदयपुरगढीमा जिल्लास्तरीय कार्यकर्ता भेला र प्रशिक्षण कार्यक्रम सम्पन्न गरेको कुरा असार ३१ गते गाईघाटमा पत्रकार सम्मेलनको आयोजना गरेर जानकारी गराएको थियो । त्यसयता पार्टीले हरेक स्थानीयतह पुगेर संगठन विस्तारको कार्यक्रम गरिरहेको जनाएको छ। यसै क्रममा बुधबार जिल्लाको चौदण्डीगढी नगरपालिकामा नगरस्तरीय बैठक सम्पन्न गरेको जिल्ला सेक्रेटरी लक्ष्मण पौडेलले बताएका छन्।

उनका अनुसार पार्टीले अहिले वैज्ञानिक समाजबाद स्थापनाको नारा लिएर जिल्लाव्यापी संगठन बिस्तर गर्ने अभियानको क्रममा चौनपा नगरस्तरीय बैठक गरेको हो ।

नगर सेक्रेटरी डिबी लामिछाडेको अध्यक्षता तथा इन्चार्ज बिन्द्रमान राई र जिल्ला कार्यालय सचिव दुर्गा तामाङको आतिथ्य तथा पौडेलको प्रमुख आतिथ्यमा भएको बैठकमा पार्टीको वैज्ञानिक समाजबाद स्थापनाको नारालाई गाउँगाउँसम्म पुऱ्याउने विषयमा छलफल भएको बताइएको छ । बैठकले हरेक नेता कार्यकर्तालाई उत्पादनसँग जोड्ने, उनीहरुलाई जनतासम्म पुगेर दलाल नोकरशाही परिपार्टी र दलाल संसदीय व्यवस्थाविरुद्ध लाग्न अभिप्रेरित गर्ने, त्यसका लागि जनमत तयार गर्ने, यही भदौभित्रै पार्टीको वडादेखि र टोलसम्म कमिटी निर्माण गरे वैज्ञानिक समाजबादबारे प्रशिक्षण चलाउने निर्णय गरेको छ ।

त्यस्तै नगरपालिकाभित्र एउटा समाज घर निर्माण गर्ने,

बाकी ३ पेजमा-

Admission Open

त्रियुगा जनता बहुमुखी क्याम्पस मोतीगडा
गाईघाट, उदयपुर
सगरमाथा अञ्चलकै अग्रणी एवम् QAA Certified यस क्याम्पसमा शैक्षिक सत्र २०७८ का लागि
Faculties
➢Management
➢Humanities
➢Education
+2 मा भर्ना खुल्यो !
कार्यक्रम
आवेदन फाराम वितरण भईरहेको छ ।
आवश्यकता अनुसार पुनः प्रवेश परीक्षा लिइने
Computer Science मा सिट सङ्ख्या मात्र ३० !
Campus Chief
Visit Us At Least Once, Then feel the Difference !!

प्रवेश परीक्षा भाद्र ४ गते शुक्रबार
परामर्श कक्षा भाद्र १३ गते
कक्षा सञ्चालन भाद्र १५ गते

९८५२८३५३६३
९८४२८२६६७०
९८५२८३५६७०

Admission Open

भर्ना खुल्यो ।।।
भर्ना अवधी : श्रावण २५ गतेदेखि भाद्र ६ गतेसम्म ।
अभिमुखिकरण (Orientation):भाद्र -७ गते बिहान -७ बजे
कक्षा सन्चालन: भाद्र -९ गतेबाट।
सम्पर्क समय : बिहान ७ बजेदेखि १० बजेसम्म
सम्पर्क न - 9852844003÷9807787309 9852835146÷9807766136
कक्षा ११ मा सिट सिमित छ । चाडैं भर्ना गर्नु होला ।हाललाइ भर्ना गर्दा अन्लाईन SEE को Gradesheet लिएर आउनु होला

सगरमाथा सेकेण्डरी इ. बो. स्कुल
(कक्षा नर्सरी–१२ सम्म)
चौदण्डीगढी न.पा.-७, बेल्टार, उदयपुर
SEE तथा कक्षा १२ मा उदयपुर जिल्लामै उत्कृष्ट नतिजा प्राप्त गर्ने
शिक्षा सेवा पदकबाट सम्मानित, नेपालमै TOP 50 मा
पर्न सफल यस विद्यालयमा
२०७८ सालको शैक्षिक वर्षका निम्ति कक्षा ११ मा भर्ना खुल्यो ।
शिक्षण हुने विषयहरु
छात्रवृत्ति सम्बन्धी व्यवस्था (छुट):
035-440146 / 440228

सम्पादकीय

शौचालय गर्न नगर पालिका जाउ

सदरमुकाम गाईघाट बजार पछिल्लो समय ब्यस्त सहरमा परिणत हुँदै गएको छ। जिल्ला सदरमुकामको नगरपालिका, मुटु वडा ११ नं. मा पर्ने गाईघाट बजार उसै पनि ब्यस्त हुने नै भयो। त्यसमाथि मदन भण्डारी लोकमार्गले बजार चिरेर गएपछि थप भिडभाड र चहलपहल नहुने कुरै भएन।

बाक्लो बजार, मानव भिडभाडसँगै शौचालय आवश्यक पर्छ। त्यसका लागि सार्बजनिक शौचालयको आबश्यक्ता पर्दछ। तर, गाईघाटमा आवश्यक सार्बजनिक शौचालय नहुँदा बजार आउने सर्धसाधरण मारमा परेका छन्। आपँटार, जोगीदह, साउनेलगायत उत्तरीभेगबाट बजार आउने हुन् या कालीखोला, श्रीपुर, जलजले भएर गाईघाट भित्रिने सर्बसाधरण प्राय सबै लोकतान्त्रिक (पिपल) चोक पुग्ने गर्छन्। तर, पिपलचोकमा सार्वजनिक शौचालय छैन। त्यहाँ आउने सर्वसाधारणलाई शौँच लाग्यो भने कहाँ जानु, बडो समस्या छ। सार्वजनिक शौचालय नहुँदा दिसा त के पिसाब लाग्यो भने मात्र पनि कि बजारका होटल, पसल छिर्नुपर्ने हुन्छ या त नगरपालिका कार्यालय जानुपर्ने बाध्यता छ।

अहिले गाईघाटमा तीन ठाउँमा सार्बजनिक शौचालय छन्। टेम्पो चोक र डिएमगेटबीचमा सामान्य सार्वजनिक शौचालय छ। तर, त्यो प्राय बन्द अवस्थामा रहने हुनाले वरिपरिका होटल, किराना पसलमा चिनजान गरेर दिशा पिसाब गर्नुपर्छ। त्रियुगा वसपार्क र तरकारी बजार लाइनमा पनि सार्वजनिक शौचालय छन् तर, त्यहाँसम्म पुग्न टाढा हुने हुनाले पिपलचोकमा एउटा सार्बजनिक शौचालयको व्यवस्था गर्नुपर्ने टडकारो खाँचो देखिन्छ।

१७ वर्षीया किशोरी हत्या प्रकरण

अवराधी पक्राउ गर्न चौतर्फी दबाब

❖ **मुलुकी संवाद्दाता**

उदयपुर, साउन २७

सातादिनअघि जंगलबीचको खोला किनारमा मृत भेटिएकी १७ वर्षीया किशोरीको हतयाविरुद्ध उदयपुरका डेढदर्जन बढी संघसंस्थाले दोषी पत्ता लगाएर कडा कानुनी कारबाही गर्न माग गर्दै सरकारको ध्यानाकर्षण गराएका छन्। त्रियुगा नगरपालिका ६ मोहनपुरकी कृशला चौधरीको क्षतविक्षत मृत शरिर स्थानीय राजदेवी सामुदायिक वन उपभोक्ता समूहमा पर्ने रातमाटे खोला किनारमा सडिसकेको अवस्थामा सातादिनअघि भेटिएको थियो।

घट्नाको प्रकृति हेर्दा सामुहिक बलात्कार गरी हत्या गरेको आशंका गर्न सकिने कृशलाको शव भेटिएको सातादिन बित्दासम्म प्रहरीले दोषी पत्ता नलगाएकोमा जिल्लाबासी दुःखी भएको भन्दै बुधबार ७ वटा र बिहीबार १३ संघसंस्थाले विज्ञप्ती जारी गरी सरकारको ध्यानाकर्षण गराएका हुन्। कृशलाको हत्याका दोषीहरुको यथासिघ्र खोजी गरी कारबाहीको दायरामा ल्याउन माग गर्दै बुधबार बिभिन्न ७ वटा थारु सम्बद्ध संघसंस्थाले विज्ञप्ती जारी गरेका छन्।

विज्ञप्तीमा थारु कल्याणकारीणी सभा उदयपुर अध्यक्ष शिवकान्त चौधरी, सभाकै त्रियुगा नगर सभापति बेचुदास चौधरी, थारु युवा संघ उदयपुरका अध्यक्ष दुलीराम चौधरीले हस्ताक्षर गरेका छन्। त्यस्तै, थारु पत्रकार संघ उदयपुर अध्यक्ष सुखीलाल चौधरी, प्रगतिशिल थारु समाज उदयपुर संयोजक तिलाई चौधरी, थारु महिला सभा केन्द्रीय कोषाध्यक्ष विक्रमी चौधरी र मलिथम थारु सेवा समाज सचिव डिएन चौधरीको पनि ज्ञिप्तीमा हस्ताक्षर रहेको छ।

अघिल्लो दिन मंगलबार बिभिन्न १३ अधिकारकर्मी संघसंस्थाले हत्यारा तत्काल पत्ता लगाएर कानुनी कारबाहीको दायरामा ल्याउन माग गर्दै विज्ञप्ती प्रकाशित गरेका थिए। महिला मानवअधिकार रक्षक सञ्जाल उदयपुर, जाल्पा एकीकृत विकास समाज, ओरेक नेपाल, दलित महिला सघ (फेडो), दलित अधिकार मञ्च, नेस्पेक, महिला सशक्तिकरण स्रोत केन्द्र, एकल महिला सञ्जाल, आरआटी उदयपुर, युवा महिला सञ्जाल, प्यारालिगत कमिटी, जिल्ला युवा सञ्जाल र रेडियो उदयपुरले विज्ञप्तीमा हस्ताक्षर गरेका छन्।

साउन१३ गते घरबाट हिडेकी कृशलाको शव जंगलमा घाँस दाउरा गर्न गएका स्थनीयले १९ गते सडिसकेको अवस्थामा देखेर प्रहरीलाई खवर गरेका थिए। कुहेर दुर्गन्धित भएको बेवारिसे लास जिल्ला प्रहरी कार्यालयबाट खटेको टोलीले ल्याएर अस्पतालमा पोर्ष्टमार्टमका लागि बुझाए पनि पहिचान गर्न नसकेपछि सोधखोज थालेको थियो। सडेर सबै अंगहरु गलिसकेको र अनुहार कालो भएकाले पहिचान गर्न नसकिरहेका बेला त्रियुगा ६ मोहनपुरकै १७ वर्षीया कृशला चौधरीको भएको कुरा बाबु प्रेमकुमार चौधरीले यकिन गरे।

प्रेमले छोरीलाई बाँया हातको डिजिटल घडी, घाँटीको बुटी माला, खुट्टाको डोरी, चप्पल र कपडाको टुक्रा हेरेर शव पहिचान गरेको प्रहरीले जनाएको छ। कृशलाको अनुहार पुरै कालो भएकाले तेजाव छर्केर सामुहिक बलात्कारपछि निर्मम तरिकाले हत्या गरेको अनुमान गरिएको छ। तर, हत्या हो होईन भन्ने रहस्य भने पत्ता लगाउन सुक्ष्म अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ।

कृशलाको शरीरका बिभिन्न भागसँगै योनीसमेत क्षतबिक्षत पाइएको तथा दाँत झरेको, अनुहार कालो भएकोजस्ता शवको प्रकृतिले उनीमाथि सामुहिक बलात्कारपछि हत्या भएको हुनसक्ने अनुमान गर्न सकिने स्थानीय मधुकर थापाले बताए। गाउँमा निहत्था परिवार र किशोरी आफै अवोध भएकाले उनको हत्या हुनुपर्ने कुनै कारण नदेखिएकाले पनि बलात्कारपछि अपराध लुकाउने प्रयासस्वरुप हत्या भएको हुनसक्ने अनुमान गरिए पनि यकिन कारण पत्ता लाग्न भने प्रहरी अनुसन्धान नै पर्खनुपर्ने थापाको भनाई छ।

घट्ना घटेको यतिका दिन बितिसक्दा पनि दोषी पत्ता लगाउन नसकेकोमा पीडित परिवार र नागरिक समाजले प्रहरी प्रशासनमाथि प्रश्न उठ्न सक्ने बताएका छन्। किशोरी मृत भेटिएको सातादिन बित्दासम्म घट्नाबारे ठोस जानकारी आउन नसक्दा स्थानीयमा प्रहरी प्रशासनप्रति अविश्वास पैदा भएको त्रिययगा ६ का वडाध्यक्ष निर्मलकुमार चौधरीले बताए। उनका अनुसार प्रहरीलाई घट्नाबारे चाँडो जानकारी गराउन आग्रह गर्दा अनुसन्धान भईरहेको भनेर टार्दै आएकोमा पीडित र स्थानीबासी दुवै दुखी भएका छन्।

जिल्ला प्रहरी प्रमुख एसपी सुभासचन्द्र बोहराले भने घट्नाको अनुसन्धान भईरहेको र अपराधीनजिक प्रहरी पुगिसकेको बताए। शरिर पुरै सडिसकेको शव भेटिएको तथा अस्पताल ल्याएको २ दिनपछि मात्र पहिचान भएपछि प्रहरी अपराधीको खोजीमा केन्द्रित भईरहेको उनले बताए। घट्नाबारे अनुसन्धानका लागि शंकास्पद ३ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान भईरहेको बताउँदै एसपी बोहराले छिट्टै दोषी पक्राउ पर्ने प्रतिबद्धता जनाएका छन्। 'जतिसक्दो छिटो दोषी पत्ता लगाएर कारबाही गर्नपर्ने भएकाले सबै तरिका अपनाएर अपराधीको खोजी भईरहेको छ' उनको भनाई छ।

१, आलु	रु ४०
२, अदुवा	रु १६०
३, टमाटर	रु ६०
४, बन्दा	रु ६०
५, भेन्टा	रु ८०
६, खुर्सानी	रु २००
७, मुला	रु ६०
८, पर्वल	रु १००
९, तितेकरेला	रु ६०
१०, भिन्डी	रु ८०
११, च्याउ	रु २४०
१२, काउली	रु १६०
१३, पर्सी	रु ५०
१४, कटहर	रु ४०
१५, काँका	रु ७०
१६, धनियाँ	रु ८०
१७, लोकल बोडी	रु ८०
१८, खर्बुजा	रु ४०
१९, रायो साग	रु १००
२०, लट्टे साग	रु ६०
२१, प्याज	रु ७०
२२, निगुरो	रु २५
२३ दुध	रु. ७०
२४, दही	रु ९०
२५, मोही	रु ५०
२६, घ्यु	रु ७००
२७, राँगाको मासु	रु ४००
२८, बंगुरको मासु	रु ४००
२९, खसीको मासु	रु १,०००

युनिक रेष्टुरेन्ट
Unique Restaurant
युनिक रेष्टुरेन्ट
प्रोपाईटर – प्रविण बस्नेत
होमडेलिभरीको लागि
सम्पर्क – ९८४४०५०२७५

चिकेन मःमः...............	१००
चिकेन फ्राई मःमः	.१२०
चिकेन सी मःमः............	१५०
चिकेन चाउमिन	..१५०
अण्डा चाउमिन............	..१००
भेज चाउमिन..............	७०
भटमास चिउरा सादेको..	.६०
चिकेन रोष्ट.................	९०
चिकेन रोष्ट खाजा सेट..	१५०
चिकेन सादेको................	३००
चिकेन चिल्लि	३००
चिकेन पकौडा.................	३००
चिकेन फ्राई.................. ..	२००
भेज पकौडा....................	१००
मटन पक्कु....................	४००
पक्कु खाजा सेट	४३०
मटन भुटन....................	३००
मटन भुटन खाजा सेट....	३३०
कोल्ड्रिंस पर ग्लास........	.५०
हुक्का पर फेस...............	३००

पोखरीमा डुबेर बृद्धको निधन

❖ **मुलुकी संवाद्दाता**

उदयपुर, साउन २७

माछा पोखरीमा डुबेर उदयपुरमा बुधबार एक बृद्धको ज्यान गएको छ । त्रियुगा नगरपालिका ५ देउरीस्थित कुमार दाहालको माछा पोखरीमा डुबेर सोही ठाउँका ६५ वर्षीय दिलसेर राईको निधन भएको प्रहरीले जनाएको छ ।

बुधबार अन्दाजी २:४५ बजेको समयमा एक बृद्ध पोखरीमा डुबेर मृत्यु भएको भन्ने खवर पाए अनुसार जिल्ला प्रहरी कार्यालयबाट खटेको टोलीले राईलाई पोखरीबाट मृत अवस्थामा फेला पारेको प्रहरी प्रवक्ता डिएसपी बेदप्रसाद गौतमले बताए। उनका अनुसार घट्नाको सर्जमिन मुचुल्का गरी लास पोष्टमार्टमका लागि जिल्ला अस्पताल पठाइएको छ।

राईको मृत्यु स्वभाविक हो या अन्य कारण भन्ने अहिले खुलिसकेको छैन। घट्नाबारे थप अनुसन्धान सुरु भएको प्रहरीले जनाएको छ।

बिप्लव.....

नेता र पार्टी छान्नेभन्दा पनि व्यवस्था छान्ने परिपार्टीको विकास गर्ने, पार्टी. संगठन बिस्तारलाई द्रुतगतिमा अघि बढाउने निर्णय पनि भएको सक्रेटरी पौडेलले बताएका छन् ।

तत्कालीन ओली नेतृत्वको नेकपा सरकारले०७५ फागुन २८ गते बिप्लबको पार्टीलाई आतंककारी घोषित गर्दै प्रतिबन्ध लगाएको थियो । अबौं कर छलीको आरोप लगाउँदै एनसेल टावरमा बम पड्काउँदा एकजनाको ज्यान जानुका साथै धेरै संरचनाको क्षति भएपछि त्यसबेला सरकारले पार्टीमाथि प्रतिबन्ध लगाएको थियो ।
प्रतिबन्ध लागेपछि भूमिगत रुपमा गतिबिधि गर्दै आएको पार्टी सर्वोच्च अदालतले नेकपालाई फुटाएर पूर्वबत एमाले र माओबादीको रुपमा अलग गरिदिएसँगै शंकटमा फसेको ओली सरकारले पार्टीमाथिको प्रतिबन्ध फुकुवा गरेको थियो ।

फुकुवामा परेपछि खुल्लमखुल्ला संगठन बिस्तारमा लाग्ने मौकाको फाईदा उठाउँदै हाल बिप्लव पार्टीले देशव्यापरु गतिबिधि गर्दै आएको छ ।

बिके किराना पसल

३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा
गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल। गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर सगै, उदयपुर ।

प्रोपाइटर - भरत चामलिङ

HOTEL R N
RN
EVEREST BANK LIMITED
HOTEL RN LODGE

गाईघाटे
सेकुवा कर्नर...

सम्पर्क –
९८६२९३६९१०
९८१९७४५०६७

गाईघाट–काठमाडौं सुमो सेवा
अभिषेक
गाईघाट सम्पर्क
दैनिक सेवा
बाट पनि टिकट काटिनेछ ।

रोदुङ सेकुवा कर्नर एण्ड लज
त्रियुगा ११ गाईघाट उदयपुर
TUBORG

यहाँ खाना, नास्ता सेकुवा र कोल्ड ड्रिङ्स पाउनुका साथै बासको पनि राम्रो प्रबन्ध छ ।

सोझै सम्पर्क :- ९८०७७६४३४३



संयुक्त प्रेस विज्ञप्ति



संयुक्त प्रेस विज्ञप्ति



पाण्डे श्री सप्लायर्स & ट्रेडर्स

त्रिनपा – ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटरः–**बिनोदकुमार पाण्डे** सम्पर्कः– ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

गाडी रिजर्भ चाहिएमा

डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४,
९८५२८३७५८२

प्रियंका फैन्सी पसल

यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

नारायणी ग्याँस
गाईघाट, डिलर, उदयपुर

बिक्रेता -
अर्जुन तिम्सिना
यहाँ ग्यासको रेगुलेटर, चुलो
ग्याँस समन्धी सम्पूर्ण सेवा

बिक्रेता - **अर्जुन तिम्सिना**
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको
पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी
गाईघाट, ;ाउन २६

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट